Australian Government
Department of Home Affairs

# अष्ट्रेलियामा कार्यस्थलका अधिकारहरू

## अष्ट्रेलियामा कसका कार्यस्थलका अधिकारहरू हुन्छन्?

अष्ट्रेलियाली कार्यस्थलका कानूनहरूले ती कामदारहरूलाई सुरक्षा दिन्छ जसको कामको प्राथमिक ठाउँ अष्ट्रेलिया हो, वा कामदारहरू जसलाई अष्ट्रेलियाली रोजगारदाताले रोजगारी दिएका छन्। अष्ट्रेलियाली कार्यस्थलका कानूनहरूद्वारा सुरक्षित गरिनको लागि कामदारहरू अष्ट्रेलियाली नागरिक वा स्थायी निवासी हुनु पर्दैन।

अष्ट्रेलियामा काम गर्ने सबै व्यक्तिहरूको जस्तै प्रवेशाज्ञा धारकहरूको समान आधारभूत कार्यस्थलका हक र संरक्षणहरू हुन्छन्। करार वा सम्झौताहरूले यी हकहरूलाई खोस्न सक्दैनन्।

## म मद्दतको लागि कहाँ जान सक्छु?

निष्पक्ष कार्य लोकपाल (Fair Work Ombudsman) (FWO)[1] ले अष्ट्रेलियाली कार्यस्थलका कानूनहरूलाई कार्यान्वयन गर्छ।

FWO सँग उपयोगी अनलाइन उपकरणहरू छन् जहाँ तपाईंले आफ्नो तलब र ज्याला जाँच गर्न सक्नुहुन्छ र भुक्तान क्यालकुलेटर (pay calculator) प्रयोग गर्न सक्नुहुन्छ।[2] तपाईंले चाँडै र सजिलै सँग आफूले गरेको कामको समय अभिलेख गर्ने एप (Record My Hours app) - निष्पक्ष कार्य लोकपाल (Fair Work Ombudsman)[3] प्रयोग गरेर तपाईंले काम गर्नु भएको समयको अभिलेख गर्न सक्नुहुन्छ।

यदि तपाईंलाई आफ्नो रोजगारदाताले आफूलाई निष्पक्ष रूपमा व्यवहार गरिरहेको छैन वा अष्ट्रेलियाली कार्यस्थलका कानूनहरूको पालना गरिरहेको छैन भन्नेबारे चिन्तित हुनुहुन्छ भने, तपाईंले जानकारी, सल्लाह वा मद्दतको लागि FWO लाई सम्पर्क गर्न सक्नुहुन्छ। तपाईंले उनीहरूलाई 13 13 94 मा फोन गर्न सक्नुहुन्छ।

तपाईंले अन्य संगठनहरूबाट नि:शुल्क कानूनी मद्दत प्राप्त गर्न सक्नुहुन्छ जस्तै कानूनी सहायता (legal aid), सामुदायिक कानूनी केन्द्र (community legal centre) वा युनियन (श्रमिक संघ)।[4]

## मेरो प्रवेशाज्ञालाई के हुन्छ?

यदि तपाईंले आफ्ना प्रवेशाज्ञाका सर्तहरू उल्लंघन भर्नुभयो भने पनि तपाईंको रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गर्न सक्दैनन्। केवल गृह मामिला विभाग (Department of Home Affairs) (गृह मामिला), अष्ट्रेलियाली सीमा बल (Australian Border Force) (ABF) सहितले, प्रदान गर्न, अस्वीकार गर्न, वा प्रवेशाज्ञाहरू रद्द गर्न सक्छन्।

अष्ट्रेलियाली सरकारले त्यस्ता कानूनहरू ल्याएको छ जसले कार्यस्थल शोषणको सामना गरिरहेका प्रवेशाज्ञा धारकहरूलाई बचाउन मद्दत गर्छ। यी नयाँ संरक्षणहरू खबर गर्नेहरूको संरक्षण सुदृढीकरण गर्ने परियोजना (Strengthening Reporting Protections Pilot) का हिस्सा हुन्।[5]

यदि तपाईं **काम गर्न पाउने अनुमति भएको** अस्थायी प्रवेशाज्ञामा हुनुहुन्छ भने तपाईं यस परियोजनाका लागि योग्य हुन सक्नुहुन्छ।

यदि तपाईं अस्थायी प्रवेशाज्ञा धारक हुनुहुन्छ जसलाई **काम गर्ने अनुमति छैन** भने, गृह मामिलाले तपाईंको मुद्दालाई त्यसका यथार्थ पक्षहरूका आधारमा विचार गर्नेछ।

यदि तपाईं परियोजनाका लागि योग्य हुनुहुन्छ भने, गृह मामिलाले तपाईंको प्रवेशाज्ञा **रद्द गर्ने छैन**, यदि:

- तपाईंले एउटा कामसँग सम्बन्धित प्रवेशाज्ञाको सर्त उल्लंघन गर्नुभएको छ, र
- प्रवेशाज्ञाको उल्लंघन र कार्यस्थल शोषणको विषयबीच सम्बन्ध छ, र
- अन्य थुप्रै सर्तहरू पूरा गरिएको खण्डमा।

नयाँ खबर गर्नेहरूको संरक्षणहरू पहुँच गर्न, तपाईंले निम्न गर्नै पर्छ:

- गृह मामिलालाई सूचित गर्नु भन्दा अगाडि तपाईंको कार्यस्थल शोषणको विषयलाई या त भाग लिने सरकारी निकाय वा एउटा मान्यता प्राप्त तृतीय पक्ष द्वारा प्रमाणित गराउनुपर्छ।[6]
- कार्यस्थल शोषणको विषय र प्रवेशाज्ञाको सर्तको उल्लंघन बीचको सम्बन्धको रूपरेखा प्रस्तुत गर्नुपर्छ, र
- भविष्यमा तपाईंका प्रवेशाज्ञाका सर्तहरू पालना गर्ने प्रतिबद्धता जनाउनुपर्छ।

तपाईंको कार्यस्थल शोषणबारे गृह मामिलालाई सूचित गर्न, तपाईंले सुदृढीकरण गर्ने अनुरोध प्रक्रिया फारम पूरा गर्न सक्नुहुनेछ।[7]

[1] https://www.fairwork.gov.au/
[2] https://calculate.fairwork.gov.au/findyouraward
[3] https://www.fairwork.gov.au/tools-and-resources/record-my-hours-app
[4] https://www.fairwork.gov.au/tools-and-resources/other-workplace-relations-help/legal-help
[5] https://immi.homeaffairs.gov.au/visas/working-in-australia/work-rights-and-exploitation/strengthening-reporting-protections-pilot
[6] https://immi.homeaffairs.gov.au/visas/working-in-australia/work-rights-and-exploitation/strengthening-reporting-protections-pilot#content-index-3
[7] https://immi.homeaffairs.gov.au/visas/working-in-australia/work-rights-and-exploitation/strengthening-reporting-protections-pilot/request-process-form

## मेरा कार्यस्थलका अधिकारहरू के-के हुन्?

तपाईंको काममा हुने अधिकारको बारेमा अष्ट्रेलियामा नियमहरू छन्, जस्तै, तपाईंलाई भुक्तानी गर्न सकिने न्यूनतम रकम (१ जुलाई २०२४ देखि वयस्कको लागि वर्तमान राष्ट्रिय न्यूनतम प्रति घण्टाको ज्याला पूर्ण-कालीन र आंशिक-कालीन समयका कामदारहरूका लागि प्रति घण्टा $२४.१० हो), तपाईंले काम गर्न आवश्यक पर्ने अधिकतम समय, र तपाईंलाई कति पटक विश्राम दिइनुपर्छ भन्नेबारे।
यी नियमहरू विभिन्न स्थानहरूमा पाउन सकिन्छ जस्तै अवार्ड (रोजगारीको न्यूनतम मापदण्ड)[8] वा पंजीकृत रोजगार सम्झौता (registered employment agreement) जस्तै उद्यम सम्झौता,[9] (enterprise agreement) वा रोजगार करार (employment contract) *निष्पक्ष कार्य ऐन २००९ (Fair Work Act 2009)* (Cth) अन्तर्गत अन्य अष्ट्रेलियाली कामदारहरू जस्तै प्रवेशाज्ञा धारकहरूको पनि समान आधारभूत हक र संरक्षणहरू हुन्छन्।[10]

यसमा निम्न समावेश हुन्छन्:

- भुक्तानी र ज्याला - उदाहरणका लागि, १ जुलाई २०२४ देखि वयस्कको लागि वर्तमान राष्ट्रिय न्यूनतम प्रति घण्टा ज्याला पूर्ण-कालीन र आंशिक-कालीन कामदारहरूका लागि प्रति घण्टा $२४.१० हो। न्यूनतम भुक्तानीका दरहरू सामान्यतया वार्षिक रूपमा अद्यावधिक हुन्छन्।
- कुनै परिस्थितिहरूमा अन्यायपूर्ण रूपमा खारेज गरिने ('जागिरबाट निकाल्ने' वा 'बर्खास्त गर्ने') बाट संरक्षण।*
- कार्यस्थलको अधिकार प्रयोग गर्दा - उदाहरणका लागि, बिरामी भएको वा चोटपटक लागेको कारणले गर्दा काम गर्न नसकेर छुट्टी लिँदा, वा गुनासो गर्दा वा उनीहरूको रोजगारीबारे सोधपुछ गर्दा हुने भेदभाव (नराम्रो व्यवहार गरिने) बाट संरक्षण।
- काममा हुने यौन दुर्व्यवहार र थिचोमिचोबाट संरक्षण।
- भेदभावबाट संरक्षण –यसमा उमेर, अपाङ्गता, लिङ्ग, जाति, यौन अभिमुखीकरण र विश्वासको आधारमा गैरकानूनी भेदभावबाट संरक्षण समावेश छन्।

*यदि तपाईंलाई आफूलाई अनुचित वा अवैध रूपमा बर्खास्त गरिएको जस्तो लाग्छ भने, निष्पक्ष कार्य आयोग (Fair Work Commission) मा दावी दिन तपाईंसँग २१ दिन हुन्छन्। नियम र अपवादहरू लागू हुन्छन्। तपाईंले यसबारे तुरून्तै सल्लाह लिनुपर्छ। [11]

तपाईंले आफ्नो प्रवेशाज्ञाका सर्तहरू पालना गर्नु महत्त्वपूर्ण छ। यदि तपाईंलाई आफ्ना प्रवेशाज्ञाका सर्तहरू पूरा गर्ने आफ्नो क्षमताको बारेमा कुनै सरोकार छ भने, तपाईंले पंजीकृत अध्यागमन एजेन्ट (registered migration agent) (RMA) वा कानूनी प्रतिनिधिसँग छलफल गर्नुपर्नेछ वा गृह मामिला विभागलाई सम्पर्क गर्नुपर्नेछ।[12]

यद्यपि, तपाईंको आप्रवासनको अवस्थाको पर्वाह नगरी, तपाईंका कार्यस्थल कानूनहरू अन्तर्गतका हक र संरक्षणहरू हुन्छन्। यसमा अध्यागमन ऐन अन्तर्गतका परिस्थितिहरू समावेश हुन्छन् जब तपाईं:

- ले आफ्ना प्रवेशाज्ञाका सर्तहरू उल्लंघन गर्नु भएको छ,
- को प्रवेशाज्ञाका सर्तहरूमा अष्ट्रेलियामा काम गर्न पाउने अधिकार छैन, वा
- ले हाल प्रवेशाज्ञा धारण गर्नुहुँदैन।

## कार्यस्थल शोषणका सङ्केतहरू के-के हुन्?

शोषणकारी व्यवहारमा विभिन्न प्रकारका परिस्थितिहरू समावेश हुन सक्छन् जहाँ एकजना कर्मचारीलाई काममा दुर्व्यवहार गरिएको हुन्छ।[13] यसले धेरै रूपहरू लिन सक्छ, जस्तै:

- तपाईंको प्रवेशाज्ञा रद्द गर्ने धम्कीहरू दिने।
- काम गर्न बाध्य बनाउने।
- अत्यधिक लामो समयसम्म काम गर्न लगाउने।
- ज्याला कम दिने र बेतलबी प्रशिक्षण।
- पे-स्लिप (तलब पर्चीहरू) प्रदान गर्न असफल हुने।
- ज्यालाबाट अनुचित कटौती गरिने (जस्तै: आवास, प्रशिक्षण, खाना वा यातायातका लागि), रकम जम्मा गराउने वा 'क्यास-ब्याक' (पैसा फिर्ता हुने) योजनाहरू।[14]
- कार्यस्थलका हक प्राप्त नगर्ने, उदाहरणका लागि, बिरामी र वार्षिक बिदा सहितका तलबी बिदा वा संचयकोष (सुपरएन्युएसन)।
- अरू कसैद्वारा तपाईंको राहदानी लिइने र राखिने।
- तपाईंको प्रवेशाज्ञाका निर्दिष्ट सर्तहरू भन्दा बाहिर रहेर काम गर्न दबाब दिने।
- काम गर्न थाल्नु अगाडि नै पूर्व-भुक्तान गर्न वा 'रकम जम्मा' गर्न दबाब दिने।
- तपाईंलाई नगदमा भुक्तानी गरेर रोजगारदाताहरू कर तिर्नबाट जोगिने।
- एउटा कर्मचारीको रुपमा वर्गीकृत गर्नुको सट्टा तपाईंलाई स्वतन्त्र ठेकेदारको रूपमा वर्गीकृत गरिने।
- असुरक्षित अवस्थाहरूमा काम गर्ने।
- तपाईंको रोजगारदाताले तपाईंलाई खराब गुणस्तरको आवास प्रदान गर्ने, जसमा तपाईंलाई त्यो आवासको लागि भुक्तान गर्न बाध्य बनाउने समावेश हुन्छ।
- कार्यस्थल छोड्न अनुमति नदिने।
- एउटा युनियनमा सामेल नहुनको लागि दबाब दिने।

कार्यस्थल शोषण तब हुन्छ जब रोजगारदाताहरूले, या त अन्जानमा या जानी-जानी, कार्यस्थलका अधिकार र दायित्वहरूबारे थाहा नदिएको, नबुझाएको वा पालन नगरेका हुन्छन्।

[8] https://www.fairwork.gov.au/employment-conditions/awards
[9] https://www.fairwork.gov.au/employment-conditions/agreements
[10] https://www.legislation.gov.au/C2009A00028/latest/versions
[11] https://www.fairwork.gov.au/ending-employment/unfair-dismissal
[12] https://immi.homeaffairs.gov.au/visas/already-have-a-visa/check-visa-details-and-conditions/see-your-visa-conditions
[13] 'शोषण' को परिभाषा फौजदारी संहिता अन्तर्गतको उपधारा २७१.१ए मा दिइएको छ - https://www.legislation.gov.au/C2004A04868/latest/text/2
[14] सबै कटौतीहरू अनुचित हुने छैनन्।

## मेरा प्रवेशाज्ञाका सर्तहरूले मेरो कार्यस्थलका अधिकारहरूलाई कसरी प्रभाव पार्छ?

तपाईंको अष्ट्रेलियाली प्रवेशाज्ञामा तपाईंले गर्न सक्ने वा गर्न नसक्ने काम सम्बन्धी सर्तहरू समावेश हुन सक्छन्। यी प्रवेशाज्ञाका सर्तहरूका आधारमा, रोजगारदाताले तपाईंलाई उचित रूपमा केही कार्यहरू गर्न वा नगर्न निर्देशन दिन सक्छन्। उदाहरणको लागि, यदि तपाईंको प्रवेशाज्ञाका सर्तहरूले तपाईंलाई एउटा निश्चित पेशामा मात्र काम गर्न अनुमति दिन्छ भने, तपाईंको रोजगारदाताले तपाईंलाई त्यो भूमिकामा मात्र काम गर्न निर्देशन दिन सक्छन्।

तपाईंको प्रवेशाज्ञाको स्वीकृति पत्रमा तपाईंको प्रवेशाज्ञामा लागू हुने कुनै पनि सर्तहरूको बारेमा जानकारी समावेश हुन्छ। वैकल्पिक रूपमा, तपाईंले प्रवेशाज्ञाको हकको प्रमाणीकरण अनलाइन मार्फत आफ्ना प्रवेशाज्ञाका सर्तहरू सहित आफ्ना प्रवेशाज्ञाका विवरणहरू जाँच गर्न सक्नुहुनेछ: प्रवेशाज्ञा धारक सोधपुछ (immi.gov.au)(VEVO)[15] गृह मामिला विभागको वेवसाइटमा।

यदि तपाईंले RMA वा कानूनी व्यवसायीलाई संलग्न गराउनुभयो भने, उनीहरूले तपाईंलाई तपाईंको प्रवेशाज्ञाका सर्तहरूका बारेमा मार्गदर्शन प्रदान गर्न सक्छन्।

## थप जानकारी

प्रवेशाज्ञा धारक र आप्रवासीहरू - निष्पक्ष कार्य लोकपाल (Fair Work Ombudsman)[16]

राष्ट्रिय रोजगारीका मापदण्डहरू (National Employment Standards) (NES)[17] भनेका प्रायः कामदारहरूलाई लागू हुने न्यूनतम रोजगारीका हकहरू हुन्।

निष्पक्ष कार्य जानकारी दस्तावेज (Fair Work Information Statement) (FWIS)[18] ले NES र अन्य न्यूनतम हकहरूका बारेमा जानकारी समावेश गर्छ। सबै नयाँ कामदारलाई उनीहरूको रोजगारदाताद्वारा FWIS प्रदान गरिनुपर्छ।

**निष्पक्ष कार्य लोकपाल**
**(Fair Work Ombudsman)**

**निष्पक्ष कार्य आयोग**
**(Fair Work Commission)**

**मेरो कामको समय अभिलेख गर्ने**
**(Record My Hours)**

**अष्ट्रेलियाली कर कार्यालय**
**(Australian Taxation Office)**

**खबर गर्नेहरूको संरक्षण सुदृढीकरण गर्ने परियोजना**

**कार्यस्थल न्याय सम्बन्धी प्रवेशाज्ञा परियोजना**

**अष्ट्रेलियाली संघीय प्रहरी**
**(Australian Federal Police)**

**यो कागजात गृह मामिला विभागद्वारा बनाइएको हो र RMAs द्वारा वितरण गरिने उद्देश्य राखिएको छ। यस कागजातले RMA द्वारा दिइने कानूनी सल्लाह वा अध्यागमन सहयोगको प्रावधान राख्दैन।**

[15] https://online.immi.gov.au/evo/firstParty?actionType=query
[16] https://www.fairwork.gov.au/find-help-for/visa-holders-migrants
[17] https://www.fairwork.gov.au/employment-conditions/national-employment-standards
[18] https://www.fairwork.gov.au/employment-conditions/information-statements/fair-work-information-statement